# स्थानीय राजपत्र
## भीमदत्त नगरपालिकाद्धारा प्रकाशित

७ नं. प्रदेश, महेन्द्रनगर, कञ्चनपुर, चैत्र २२ गते विहिबार, २०७४ साल संख्याः१५


## भाग–३

**"नगर विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४"**

**प्रस्तावनाः**

नगर क्षेत्र भित्र स्वयंसेवक सेवा मार्फत स्वयंसेवक परिचालन तथा स्वयंसेवाको प्रवर्द्धन कार्यलाई प्रभावकारी रुपमा सञ्चालन गरी स्वयंसेवाको माध्यमबाट नगर विकासमा योगदान पुऱ्याउनयुवा स्वयंसेवकलाई परिचालन गर्न वाच्छनीय भएकोले "नगर विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४" बनाइएको छ ।

### परिच्छेद –१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस कार्यविधिको नाम "नगर विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधि भीमदत्त नगरपालिका, नगर कार्यपालिका बाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः**विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :-

(३) "कार्यविधि" भन्नाले नगर विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४ सम्झनु पर्छ ।

(४) "स्वयंसेवा" भन्नाले परम्परागत रुपमा समाजमा विद्यमान रहेको तथा व्यावसायिक / संगठित रुपले सञ्चालन भैरहेका सवयंसेवी कृयाकलापहरुलाई सम्झनु पर्छ ।

(५) "स्वयंसवक" भन्नाले स्वस्फूर्त रुपमा सुविधा लिई वा नलिई सवयंसेवी कृयाकलापमा संलग्न हुने व्यक्तिलाई जनाउँछ । साथै, यस शब्दले यस कार्यविधि बमोजिम परिचालन गरिने स्वयंसेवकलाई समेत जनाउँछ ।

(६) "नगरपालिका" वा "नगर" भन्नाले भीमदत्त नगरपालिकालाई जनाउँछ ।

(७) "शैक्षिक संस्था" भन्नाले प्राविधिक वा अप्राविधिक शैक्षिक ज्ञान दिने तथा नेपाल सरकारबाट नियमित रुपमा अनुदान पाउने सार्वजनिक तथा सामुदायिक विद्यालयहरुलाई जनाउँछ ।

(८) "प्राविधिक सहयोग" भन्नाले नगरपालिकाद्वारा सवयंसेवक परिचालन मार्फत विभिन्न निकायहरुबाट सम्पादन गरिने कार्यमा सहयोग पुऱ्याउने उद्देश्यबाट खटाइएका जनशक्तिलाई जनाउँछ ।

(९) "प्राविधिक स्वयंसेवक" भन्नाले नगर विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालित प्राविधिक क्षेत्रका सवयंसेवकहरुलाई जनाउँछ ।

## परिच्छेद –२
## स्वयंसेवक परिचालनको उद्देश्य तथा क्षेत्र

**३. स्वयंसेवक परिचालनका उद्देश्य तथा आधारहरुः**

(१०) नगर विकास स्वयंसेवक सेवा अन्तर्गत स्वयंसेवक परिचालन गर्दा दक्ष व्यक्तिहरुलाई अल्पसमयको रोजगारी दिने, सार्वजनिक सेवा प्रवाहमा सहजीकरण गर्ने, गरिवी न्यूनीकरण गर्ने लक्ष्य प्राप्तिमा सहयोग पुऱ्याउने र समुदायमास्तरबाटै सवयंसेवी भावनाको प्रवर्द्धन गर्ने प्रमुख उद्देश्य रहनेछ।

(११) नगर विकास स्वयंसेवक सेवा अन्तर्गत देहाय बमोजिमका विषयक्षेत्रहरुसँग सम्बन्धित जनशक्तिलाई स्वयंसेवकको रुपमा परिचालन गरिने छः-

(क) स्वास्थ्य, सामुदायिक शिक्षा, बाल/ज्येष्ठ नागरिक संरक्षण तथा सामाजिक सुरक्षा

(ख) कृषि सेवा, पशु सेवा, वन र जडिबुटी

(ग) वातावरण संरक्षण, प्राकृतिक प्रकोप तथा जोखिम व्यवस्थापन

(घ) उद्यमशिलताको विकास, इन्जिनियरिङ तथा अन्य प्राविधिक क्षेत्रहरु

(ङ) आवधिक, विषयगत तथा वार्षिक योजना तर्जुमा र अनुगमन तथा मूल्याङ्कन

(च) नगरपालिकाले तोकेका अन्य क्षेत्रहरु

(१२) नगर विकास स्वयंसेवक सेवाबाट स्वयंसेवक परिचालन गर्दा देहाय बमोजिमका विषयहरुलाई प्रमुख आधारको रुपमा लिइनेछः

(छ) नगरको प्रशासनिक संगठनबाट आवश्यक मात्रामा जनतालाई अप्राविधिक वा प्राविधिक सेवा पुऱ्याउन नसकिएका क्षेत्रहरुमा सहजीकरण गर्ने,

(ज) नगरवासीहरुको जीवनस्तर उकास्नका लागि सरकारी स्तरबाट समेत लगानी भई वा नभई उत्पादन क्षेत्रमा कार्यरत सहकारी, संघ-संस्थाहरुद्वारा संचालित कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने

(झ) नगर वा समुदायद्वारा सामाजिक हितको लागि संचालित सामुदायिक सेवा कार्यक्रमहरुमा प्राविधिक सहयोग गर्ने

(ञ) समावेशी सिद्धान्त अवलम्बन गर्ने

(१३) स्वयंसेवक परिचालन गर्नका लागि सहकार्य गरिने निकाय देहाय बमोजिम रहनेछन्ः

(ट) नगरपालिकाको कार्यालय, विषयगत शाखा / उपशाखाहरु तथा वडा कार्यालयहरु

(ठ) सहकारी तथा सामुदायिक संघसंस्थाहरु

(ड) शैक्षिक निकायहरु

(ढ) नगरपालिकाले तोकेको अन्य निकायहरु



अनुसूची -६

स्वयंसेवकले नगरपालिकामा बुझाउनुपर्ने प्रगति प्रतिवेदनकोढाँचा

मासिक प्रगति प्रतिवेदनः मिति............देखि.................)

| सि.नं. | महिनाकोलक्ष्य | लक्षयहासिल गर्न गरेको कार्य | प्रगति | कै |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

आज्ञाले
हरि प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

(ङ) स्थानीय स्तरमा पशु स्वास्थ्य / सरसफाई, वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(च) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(छ) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ज) नगर विकास स्वयंसेवक सेवा अन्तर्गत कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,

(झ) यसमा तोकिएको बाहेक नगरपालिकाले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

१. सार्वजनिक निर्माण तर्फका स्वयंसेवकको कार्यशर्तः

(क) स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,

(ख) नगरपालिकाले तोकेको सार्वजनिक निर्माण, भौतिक संरचना सम्बन्धी गुणस्तरीय ढङ्गबाट कार्य सम्पादन गरी जन - जीवनमा सहजीकरण गर्ने कार्यमा संलग्न हुनुपर्ने छ,

(ग) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,

(घ) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(ङ) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(च) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(छ) नगर विकास स्वयंसेवक सेवा अन्तर्गत कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,

(ज) यसमा तोकिएको बाहेक नगरपालिकाले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।



(१४) स्वयंसेवक परिचालन गर्ने निकायहरुले देहाय बमोजिमको जिम्मेवारी बहन गर्नुपर्नेछः

(ण) खटिई आएका स्वयंसेवकहरुलाई तत्काल जिम्मेवारी दिई काममा लगाउने

(त) स्वयंसेवकहरुको कार्य सम्पादनको मूल्याङ्कन र सुपरिवेक्षण गर्ने

(थ) स्वयंसेवकहरुले पाउने तोकिए बमोजिमका सेवा सुविधाहरु सरल र सहज रुपमा उपलब्ध गराउने

(द) खटिई आएका स्वयंसेवकहरुलाई वृत्ति विकास, क्षमता विकास र व्यक्तित्व विकास सम्बन्धी स्थानीय स्तरमा उपलब्ध अवसरहरुमा सहभागी गराउने

(ध) स्वयंसेवकहरुका पिरमर्का / गुनासो सम्बोधन गर्ने

## परिच्छेद –३
## स्वयं सेवक परिचालन सम्बन्धी व्यवस्था

४. **स्वयंसेवक छनौटका आधारहरु** : स्वयंसेवकको छनौट गर्दा देहाय बमोजिमका प्रक्रियाहरु अपनाइने छन

(१५) न्यूनतम योग्यता : कुनै पनि व्यक्ति स्वयंसेवक रुपमा छनौट हुन देहाय बमोजिम कान्यूनतम योग्यता भएको हुनुपर्नेछ :–

(न) नेपाली नागरिक भएको,

(प) अठार वर्ष उमेर पूरा भई पैंतीस वर्ष ननाघको हुनुपर्ने,तर नेपाल सरकारले समावेशी समूहमा राखेका उम्मेदवारहरु भए अधिकतम उमेरको हद चालीस वर्ष ननाघेको हुनुपर्ने,

(फ) सम्बन्धित आवेदकले तोकिएको विषयक्षेत्र पदको लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट आवश्यक योग्यता हासिल गरेको ।

(१६) स्वयंसेवक छनौट तथा परिचालन :नगर विकास स्वयंसेवक सेवा अन्तर्गत परिचालन हुने स्वयंसेवकहरुको छनौट देहाय बमोजिमका आधारहरुमा गरिनेछः-

(ब) नगर विकास स्वयंसेवक सेवामा प्राप्त आवेदनहरुलाई सम्बन्धित विषयक्षेत्रको सम्बन्धित पदका उम्मेदवारहरुले प्राप्त गरेको शैक्षिक योग्यताको प्रमाणपत्रमा उल्लेख भएको प्राप्ताङ्क प्रतिशतको योग्यताक्रमका आधारमा ।

(भ) स्वयंसेवक नियुक्तिका लागि आवेदन गर्ने व्यक्तिहरुका लागि संचालन गरिने लिखित तथा मौखिक परिक्षा वा अन्तरवार्ताको योग्यताक्रमका आधारमा ।

(म) सामाजिक समूह, भौगोलिक क्षेत्र र अपांगताका आधारमा निर्धारण गरिने समावेशीताको भारको आधारमा ।

**५. स्वयंसेवक छनौट, परिचालन तथा व्यवस्थापन समिति :**

(१७) स्वयंसेवकको छनौट, परिचालन तथा व्यवस्थापन गर्नका लागि देहाय बमोजिमको एक समिति हुनेछ :–

- नगर प्रमुख वा निजले तोकेको व्यक्ति संयोजक
- योजना शाखा सदस्य
- विषयगत शाखा सदस्य
- सुदुरपश्चिम विश्वविद्यालयको एक जना प्रतिनिधि– सदस्य
- प्रमुख प्रशासकीय अधिकृत– सदस्य सचिव

(१८) स्वयंसेवकको छनौट, परिचालन तथा व्यवस्थापन समितिको बैठक आवश्यकता अनुसार बस्नेछ

(१९) स्वयंसेवकको छनौट, परिचालन तथा व्यवस्थापन समितिको बैठकसम्बन्धी मापदण्ड समितिआफैले निर्धारण गरे बमोजिम हुनेछ।

**६. स्वयंसेवक छनौट, परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार**:स्वयंसेवकको छनौट, परिचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु देहाय बमोजिम हुनेछन :-

(य) स्वयंसेवक परिचालन गर्ने कार्यक्षेत्र तथा विषयक्षेत्रको यकिन गर्ने

(र) दरखास्त फारमका ढाँचा तयार गरी छपाइ गर्ने गराउने,

(ल) स्वयंसेवक परिचालनको लागि विनियोजित रकमको बाडफाड गर्ने,

(व) स्वयंसेवकको विज्ञापन वा सूचना प्रकाशित गर्ने,

(श) विवादित विषयहरुकोसमाधान गर्ने,

(ष) प्रत्येक सवयंसेवकको हरेक आर्थिक वर्षको कार्य सम्पादन मूल्यांकन गर्ने

(स) स्वयंसेवकको काम कारवाहीका सम्बन्धमा आवश्यक निर्देशन दिने,

(ह) स्वयंसेवकका विज्ञापन वा सूचनामा दरखास्त परेका उम्मेदवारहरुको दरखास्त फाराम संकलन गर्ने,

(क्ष) उपखण्ड (क) बमोजिम प्राप्त हुन आएका दरखास्त फाराम प्रक्रिया पुरा भएनभएका छानविन गर्ने,

(त्र) योग्य दरखास्त फारामहरुको अनुसूची –१ बमोजिम मूल्याङ्कन गर्ने,

(ज्ञ) छनौट भएको योग्य उम्मेदवारसँग अनुसूची –२ बमोजिमको ढाँचामा सम्झौता गरी अनुसूची –३ कोढाँचा बमोजिम नियुक्ति पत्र दिने

(ज्ञज्ञ) स्वयंसेवकका कार्यहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने ।

**७. स्वयंसेवक छनौट विधि**: स्वयंसेवक छनौट गर्नका लागि देहाय बमोजिमका छनौट विधि अवलम्बन गरिनेछ

(क) प्रारम्भिक छनौट गर्ने,

(ख) प्रयोगात्मक अन्तर्वाता लिने र प्राप्त गरेको अंकका आधारमा नतीजा प्रकाशन गर्ने,

८. सफल उम्मेदवार वा स्वयंसेवक नयुक्ति भएको तीन महिना नपुग्दै सेवाबाट अलग भएमा उक्त पदमा वैकल्पिक उम्मेदवारको सूचिबाट माथिल्लो स्थानमा रहेको उम्मेदवार छनोट गर्न सकिनेछ ।



## अनुसूची -५
## स्वयंसेवकका कार्यशर्तहरु

१. जनस्वास्थ्य तर्फका स्वयंसेवकको कार्यशर्त:

(प) स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,

(फ) नगरपालिकाले तोकेको स्वास्थ्य सम्बन्धी निकाय / सेवा केन्द्रमा रही गुणस्तरीय ढङ्गबाट कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,

(ब) स्थानीय स्तरमा स्वास्थ्य / सरसफाई, स्वास्थ्य शिविर, घुम्ती स्वास्थ्य सेवा, गाउँघर क्लिनिक, महामारीको प्रतिरोध लगायत संचालित स्वास्थ्य सम्बन्धी अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(भ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,

(म) स्थानीय स्तरमा वातावरण संरक्षण, साक्षरता अभियान, विपद् व्यवस्थापन जस्ता कार्यक्रमहरुमा सहजकर्ताको रुपमा कार्य गर्नुपर्ने छ,

(य) स्थानीय स्तरमा स्वयंसेवी क्रियाकलापहरुमा सहभागी हुने र स्वयंसेवी भावनाको प्रवर्द्धन गर्न पैरवी गर्नुपर्ने छ,

(र) समाजमा विद्यमान कुरीति र अन्धविश्वासहरुको विरुद्धमा जनचेतना अभीवृद्धि गर्न सक्रिय हुनुपर्ने छ,

(ल) नगर विकास स्वयंसेवक सेवा अन्तर्गत कार्यरत अन्य स्वयंसेवकहरुसँग समन्वय र सम्पर्क राखी एक अर्काको कार्यमा सुझाव र सहयोग पुऱ्याउनु पर्नेछ,

(व) यसमा तोकिएको बाहेक नगरपालिकाले आवश्यकता अनुसार लगाएका सम्बन्धित क्षेत्रका कार्यहरु सम्पादन गर्नुपर्ने छ ।

२. पशु सेवा तर्फका स्वयंसेवकको कार्यशर्त:

(क) स्वयंसेवाको उच्च आदर्शले प्रेरित भई जाँगरिलो र मिहिनेतका साथ कार्य गर्नुपर्ने छ,

(ख) नगरपालिकाले तोकेको पशु स्वास्थ्य सम्बन्धी निकाय/ सेवा केन्द्रमा रही गुणस्तरीय ढङ्गबाट कार्य सम्पादन गरी सेवा प्रवाह कार्यमा सहजीकरण गर्नुपर्ने छ,

(ग) स्थानीय स्तरमा पशु स्वास्थ्यशिविर, घुम्ती पशु स्वास्थ्य सेवा, पशु महामारीको प्रतिरोध लगायत संचालित पशु स्वास्थ्य सम्बन्धी अभियानहरुमा संलग्न भई कार्य गर्नुपर्ने छ,

(घ) आफूले गरेको कार्य सम्पादनको लक्ष्य र उपलब्धी प्रस्तुत हुनेगरी तोकिएको सूचकांकमा आधारित भई मासिक प्रगति प्रतिवेदन तयार गर्नुपर्ने छ,

नाम :
दस्तखत :
पद :
कार्यालयका छाप

नाम :
ठेगाना :
दस्तखत :

इति सम्बत २०......साल.............महिना ........गत रोज.......शुभम.............।

अनुसूची - ३
(दफा ६ को खण्ड (ट) सँग सम्बन्धित)
स्वयंसेवकलाई दिइने नियुक्ति पत्रको ढाँचा

मिति : ...................

श्री....................................
.......................................।

विषय :- स्वयंसेवक तोकिएको सम्बन्धमा ।

तपाईलाई "नगर विकास स्वयंसेवक परिचालन कार्यविधि, २०७४" को दफा ६ को खण्ड (ट) तथा सोही कार्यविधिको अनुसूची - २ को सम्झौता बमोजिम मिति..............देखि ..................सम्मयस नगरपालिकाको कार्यालय / .... नं. वडा कार्यालयमा स्वयंसेवक भई कार्य गर्ने गरी तोकिएको छ ।

तोकिएका कार्यक्षेत्रमा गई सुम्पिएका जिम्मेवारी लगनशीलता एवं ईमान्दारीतापूर्वक गर्नुहुनेछ भन्ने अपेक्षा राखिएको छ ।

(.................)
कार्यालय प्रमुख

अनुसूची - ४
स्वयंसेवकको निर्बाह भत्ता

| **सि.नं.** | **स्वयंसेवककोयोग्यता** | **मासिक भत्ता** |
|---|---|---|
| १ | प्रविणता प्रमाण-पत्रतह उत्तीर्ण (प्राविधिक) | १०,०००. |
| २ | प्रविणता प्रमाण-पत्रतह उत्तीर्ण (अप्राविधिक) | १०,००० |
| ३ | प्रवेशिका परीक्षाउत्तीर्ण (प्राविधिक) | ८००० |
| ४ | प्रवेशिका परीक्षाउत्तीर्ण (अप्राविधिक) | ८००० |



**९. स्वयंसेवकको शर्त तथा सुविधा** : यस कार्यविधि बमोजिम परिचालन गरिने स्वयंसेवकका शर्त तथा सुविधा देहाय बमोजिम हुनेछन :–

(ग) स्वयंसेवकलाई निर्वाह भत्ता बापत मासिक रुपमा स्वयंसेवक छनौट, परिचालन तथा व्यवस्थापन समितिले समय - समयमा निर्धारण गरेका अनुसूची – ४ बमोजिमको रकम प्रदान गरिनेछ,

(घ) स्वयंसेवकलाई बढीमा एक वर्षका लागि सेवा करार सम्झौता गर्न सकिनेछ । स्वयंसेवकको आवश्यकता थप महशुस भएमा वा स्वयंसेवको सेवा थप गर्नु पर्ने भएमा कार्य सम्पादन मूल्यांकनको आधारमा प्रत्येक आर्थिक वर्षमा स्वयंसेवक सेवा कार्यपालिकाको निर्णयानुसार नविकरण गर्न सकिने छ ।

(ङ) स्वयंसेवकका लागि अनुसूची ५ बमोजिमका कार्य शर्तहरु रहनेछन्।

(च) स्वयंसेवकले सेवा प्रवाह गर्न नचाहेमा वा नसक्ने भएमा भीमदत्त नगरपालिकाको कार्यालय समक्ष एक महिना अगावै लिखित जानकारी दिनुपर्नेछ ।

**परिच्छेद –४**
**विविध**

**१०. स्वयंसेवकको आचार संहिता**:

(२०) स्वयंसेवकले देहाय बमोजिमका आचार संहिताको पालना गर्नुपर्नेछ :–

(छ) स्वयंसेवकले नियुक्तिपत्र बुझेको मितिले ३ दिन भित्र तोकेको क्षेत्रमा हाजिर भईसक्नु पर्ने छ।

(ज) स्वयंसेवकले राजनैतिक क्रियाकलापमा संलग्न हुनु हदैन र कार्य सम्पादन गर्दा आफनो राजनैतिक आस्थाको प्रभाव पर्न दिनु हुँदैन,

(झ) स्वयंसेवकले आफूलाई सुम्पिएको जिम्मेवारी स्वयंसेवाको भावना, विश्वव्यापी मान्यता अनुरुप इमान्दारितापूर्वक पुरा गर्नुपर्नेछ,

(ञ) स्वयंसेवकका लागि तोकिएको निर्वाह भत्ता र स्वयंसेवक कार्यरत निकायबाट कुनै सुविधा उपलब्ध गराउने निर्णय भएको भए सो अवस्थामा बाहेक स्वयंसेवकल कुनै संघ वा व्यक्तिबाट कुनै सविधा लिन पाइने छैन,

(ट) स्वयंसेवकले अनुशासित भइ शिष्ट र विधिसम्मत व्यवहार गर्दै आफूलाइ आदर्शवान रनमूना पात्रका रुपमा प्रस्तुत गर्नु पर्नेछ,

(ठ) स्वयंसेवकले सामाजिक सदभाव र शान्ति व्यवस्था तथा वातावरणीय अनुकलतामा खलल पुर्‍याउने कार्य गर्नु हुँदैन,

(ड) स्वयंसेवकले नगर र जनताको वृहत्तर हितमा आघात पुग्ने कुनै पनि कार्य गर्न पाइनेछैन,

(ढ) नगरपालिकाले दिएका निर्देशन पालना गर्नु पर्नेछ,

(ण) स्वयंसेवक नगरपालिका प्रति उत्तरदायी हुनुपर्नेछ,

(२१) कुनै स्वयंसेवकले उपदफा (१) बमोजिमको आचार संहिताको पालना नगरेमा नगरपालिकाले त्यस्ता स्वयंसेवकलाइ अवकाश दिनेछ । तर सुनुवाईको मौका नदिई कुनै स्वयंसेवकलाइ अवकाश दिइने छैन ।

**११. स्वयंसेवकहरुको अवकाश**:नगरपालिकाले स्वयंसेवकहरुलाई देहाय बमोजिमको अवस्थामा अवकाश दिन सक्नेछः-

(त) स्वयंसेवकको तोकिएको कार्य अवधि पुरा भएमा,
(थ) खटाएको कार्यस्थलमा समयमा र नियमित रुपमा हाजिर नभएमा,
(द) सन्तोषजनक रुपमा कार्यसम्पादन नगरेमा,
(ध) खराब आचरण प्रदर्शन गरेमा,
(न) स्वयंसेवकले कुनै राजनैतिक दलमा सहभागी भएमा वा दलके सदस्य भएमा

**१२. स्वयंसेवकको अनुगमन** :परिचालन गरिएका स्वयंसेवकले गरेको कार्यहरुको अनुगमन स्वयंसेवक छनौट, परिचालन तथा व्यवस्थापन समिति, नगरपालिका वा नगरपालिकाले तोकेको निकायबाट गरिनेछ ।

**१३. स्वयंसेवकले प्रतिवेदन बुझाउनुपर्ने**:स्वयंसेवकले अनुसूची ६ मा तोकिएका ढाँचामा प्रगति विवरण भरी नगरपालिकाको कार्यालयमा मासिक रुपमा प्रतिवेदन बुझाउनु पर्नेछ ।

अनुसची – १
(दफा ६ को खण्ड (ञ) सँग सम्बन्धित)
उम्मेदवारको योग्यता मूल्याङ्कनको आधार

| **सि.नं.** | **मूल्याङ्कनको आधार** | | **अंकभार** | **कै** |
|---|---|---|---|---|
| १ | शैक्षिकयोग्यता | विशिष्ठश्रेणी | १० | |
| | | प्रथम श्रेणी | ७ | |
| | | दोश्रो श्रेणी | ५ | |
| | | तेश्रो श्रेणी | २ | |
| २ | स्वयंसेवासम्बन्धी अनुभव | ६महिना देखी १ वर्ष सम्म | ५ | |
| | | १ वर्ष देखी २ वर्ष सम्म | ७ | |
| | | २ वर्ष भनदा माथी | १० | |
| ३ | सम्बन्धित वडाको स्थानीय बासिन्दा | | ५ | |
| ४ | स्वयंसेवी भावना | | ५ | |
| ५ | समुदाय सँग घुलमिल हुन सक्ने क्षमता | | ५ | |
| ६ | महिला, दलित, आदिवासी, जनजाती, अपाङ्गता तथा मधेसी को हकमा | | ५ | |
| | **कूल** | | **४०** | |



अनुसची – २
(दफा ६ को खण्ड (ट) सँग सम्बन्धित)
सम्झौताको ढाँचा

भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर र स्वयंसेवकका बीच गरिएका आपसीसम्झौता ।

लिखितम हामी तपशीलका पक्षहरु आगे भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर (जसलाई यसपछि प्रथम पक्ष भनिनेछ) र ......................जिल्ला.................. नगरपालिका, वडा नं..........बस्ने वर्ष...........को श्री.......................................(जसलाइ यसपछि दोश्रो पक्ष भनिनेछ)काबीच मिति...................... मा सम्झौता भई एक एक प्रति बुझीलियौं दियौं ।

**१. दोस्रो पक्षले गर्नु पर्ने मूख्य-मूख्य कार्यको विवरणः**

(क) आफूलाइ खटाइएकोकार्यालय / क्षेत्रमा गई तोकिएको कामकाज गर्ने,

२. बुँदा नं. १. मा उल्लेखित सेवा उपलब्ध गराए वापत प्रथम पक्षले दोश्रा पक्षलाइ उपलब्ध गराउने सेवासुविधाहरु देहाय वमोजिम हुनेछन :

(क) प्रथम पक्षले दोश्रो पक्षलाइ मासिक रुपमा निर्वाह भत्ता वापत रु.................. (अक्षरेपि......................मात्र) मात्र पारिश्रमिक उपलब्ध गराउने छ ।

(ख) दोश्रा पक्षले तोकिएको कार्य समयानुसार ताकिएको निकायमा हाजिर भइ प्रथम पक्षले उपलब्ध गराएका हाजिरी खातामा हाजिरी गरी काम गर्नु पर्नेछ । उक्त हाजिरी प्रमाणित भएपछि मात्र पारिश्रमिक भुक्तानी हुनेछ ।

(घ) दोश्रा पक्षले माथि उल्लेखित पारिश्रमिक बाहेक कुनै पनि किसिमको सुविधा पाउने छैन ।

३. दोश्रा पक्षले आफनो जिम्मामा रहन आउने प्रथम पक्षको चल, अचल सम्पति हिफाजत साथ प्रयोग गरीकार्य सम्पन्न भए पश्चात प्रथम पक्षलाइ बुझाउनु पर्नेछ ।

४. दोश्रा पक्षको काम सन्तोषजनक नभएमा प्रथम पक्षबाट पन्ध (१५) दिनको सूचना दिई यो करारसम्झौता भंग गर्न सक्नेछ ।

५.यो सम्झौता मिति ...............देखि.................सम्म कायम रहनेछ । कायम रहने मिति भन्दा पछि यस सम्झौताका कारण प्रथम पक्ष माथि दोस्रो पक्षले कुनै दायित्व सिर्जना गर्न पाउने छैन ।

६.प्रथम पक्षलाइ हानी हुने काम गरेमा वा सम्झौता बमोजिमको कार्य नगरेमा जुनसुकै बेला करार भंग गर्न सकिने छ । हानी नोक्सानी भएमा सोको क्षतिपूर्ति कानून बमोजिम असूल उपर गर्ने यो सम्झौताले बाधा पुऱ्याउने छैन।

| | |
|---|---|
| प्रथम पक्षको तर्फबाट | दोश्रा पक्षका तर्फबाट |
| नाम : | नाम : |
| दस्तखत : | ठेगाना : |
| पद : कार्यालय प्रमुख | दस्तखत : |
| रोहवर | रोहवर |